# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३८) काठमाडौं, भदौ २० गते २०४५ साल (अतिरिक्ताङ्क २६ (ख)

## भाग ४

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबारको

#### सूचना १

राजसभा स्थायी समितिका सम्माननीय सभापति श्री अनिरुद्धप्रसाद सिंह प्रजातान्त्रिक जनवादी गणतन्त्र कोरिया स्थापना भएको चालीसौं वार्षिकोत्सव मनाइने उत्सवमा भाग लिन त्यसतर्फ प्रस्थान गर्नुभएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाली आउनुभएको राजसभा स्थायी समितिको सभापतिको कामकाज सोही समितिका सम्माननीय सदस्य श्री पूर्णबहादुर एम.ए.ले उक्त समितिको कार्यवाहक सभापति भई सम्हाल्नु हुनेछ ।

#### सूचना २

सम्माननीय परराष्ट्र मन्त्री श्री शैलेन्द्रकुमार उपाध्याय साइप्रसको राजधानी निकोशियामा हुने असंलग्न राष्ट्रका परराष्ट्र मन्त्रीहरूको सम्मेलनमा भाग लिन त्यसतर्फ प्रस्थान गर्नुभएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाली आउनु भएको परराष्ट्र मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्री श्री मरीचमान सिंह श्रेष्ठले सम्हाल्नु हुनेछ ।

हुकुम बक्से बमोजिम

रञ्जनराज खनाल

386 श्री ५ महाराजाधिराजका प्रमुख सचिव

मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।